# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:- ०७७/०७८
च.नं.:-

मिति:-२०७९।०३।०१

प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०३।०१ गते

## विषय:- सूचना। सूचना ॥ सूचना।

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वा.न.४ स्थित पुर्णी पोखरी-१, जि.म. ज.न.पा. वडा नं. स्थित पन्जारा पोखरी-१ समेत जम्मा पोखरी-२(दुई) को आ. व.२०७९ ।०८० को २०७९ साल श्रावण १ गते देखी आ. व. २०८३ ।०८४ को २०८४ साल अषाढ मसान्त सम्म वर्ष ५ को लागि पोखरीमा माछा पालन गरी विक्री वितरण गर्नको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक महानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलवन्दी बोलपत्र दिन हुन सर्व साधारणको जानकारीको लागि प्रथम पटक यो १५ दिने सिलवन्दी बोलपत्र दिन हुन सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. उल्लेखित पोखरीको शिलवन्दी बोलपत्र दिनु पर्नेछ र सिल बोलपत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनु पर्नेछ।

२ बोलपत्र फाराम दस्तुर यस कार्यालयवाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी १५ औं दिन सम्म यस कार्यालयवाट कार्यालय समय सम्म खरिद गर्न सकिनेछ।

३. शिलवन्दी बोलपत्र १६ औ. दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४. पर्न आएको शिलवन्दी बोलपत्र १६ औ दिन दिनको ३:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने काम रोकिने छैन।

५. शिलवन्दी बोलपत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा.बैकमा धरौटी हि.नं.१२७०१००३०३००००३ मा जम्मा गरेको बैक भाउचर सक्कलै ,टिकट वापत रु.१०।- को नोट तथा फर्मको हकमा नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपी सम्वन्धी कागजातहरु । व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत बोलपत्र साथ लग्न राखि पेश गर्नुपर्ने छ।तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन।

६. सवै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ। पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ता को रकम यस कार्यालयमा वुझाउनु पर्ने र दामासाहीले १ किस्ता वरावरको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्ग बैकको कम्तीमा १ वर्ष म्याद भएको जमानी पत्र वा २ किस्ता वरावरको नगदै रकम कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कवुलियतको कार्य हुनेछ। साथै अन्य किस्ता को हकमा आगामी वर्ष श्रावण १ गते भित्र अर्को किस्ता वुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ।

अधिकृत छैठौं

प्रमुख प्रशासकिय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:- ०७७/०७८ मिति:-२०७९।०३।०१
च.नं.:-

८. किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ । पहिलो किस्ता पट्टा उठाउने दिन र अन्य किस्ता कार्यालय ले तोकिएको मितिमा बुझाउनु पर्नेछ ।
९. बोलपत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. ठेकदारले सम्झौता गर्दा ठेक्का अनुसारको सम्पूर्ण किस्ता रकम एकमुष्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
११. नगरपालिका ले तोकेको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत व्याज सहित असुल गरिने छ वा नियमानुसार ठेक्का रद्द गरि धरौटी जफत गर्न सकिनेछ ।
१२. ठेक्का लिंदा नेपाल सरकारलाई बुझाउनु पर्ने कर, दस्तुर स्वयं ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।
१३. पोखरी चलन गर्दा साविकको आकार प्रकारमा न.पा.को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।
१४. कुनै पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्वन्धमा न. पा. को निर्णय अनुसार हुनेछ ।
१५. ठेक्का लिंदा हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकेदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।
१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाँकी रहेकोव्यक्तिलाई ठेक्का दिइने छैन ।
१७. नगरपालिकाले दिएको निर्देशन र निर्णय को पालन ठेकदारले गर्नुपर्ने छ ।
१८. कवुल अंकमा ठेक्का दिने नदिने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
१९. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।
२० अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा कर उपशाखामा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।
२१. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
२२. पूर्णी पोखरी को न्युनतम अंक रु. १५,०५,०००।-- पन्द्र लाख पाँच हजार मात्र ।)
२३. पन्जारा पोखरीको न्युनतम अंक रु. १३,०२,०००।- तेह्र लाख दुई हजार मात्र ।)

अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np